Vol.01 नेपाली

भिविन्न देशका बिदेसीहरुको लागि समाचार

# Ota City Navigation

GOCA



2019.06

## ओतासहर अन्तर्रास्ट्रिय संघ　बहुभाषी परामर्श डेस्क

बहुभाषी परामर्श डेस्क खुला रहने समय परिवर्तन भएको छ।

| भाषा | सोमबार | मंगलबार | बुधबार | बिहीबार | शुक्रबार |
|---|---|---|---|---|---|
| अंग्रेजी भाषा | 10:00~17:00 | 10:00~17:00 | 10:00~17:00 | × | 10:00~17:00 |
| चाइनिज भाषा | 10:00~17:00 | 10:00~17:00 | × | 10:00~17:00 | 10:00~17:00 |
| तागालग भाषा | 10:00~17:00 | × | × | × | 10:00~17:00 |
| नेपाली भाषा | × | × | 10:00~17:00 | × | × |
| भियतनामिज भाषा | × | × | × | 10:00~17:00 | × |

*पहिलो र तेस्रो आइतबारको दिउँसो (1 बजेदेखि 5 बजेसम्म) वकिलसँग सरसल्लाह गर्न सकिन्छ। अगाडि भन्नु पर्छ।
*माथिका भाषा बाहेक अरू भाषा पनि छ, भन्नु होला।

### दैनिक जीवनको सर-सल्लाह

भाषाको समस्या, बालबालिकाको कुरा, विवाह, छोड पत्र, काम समस्या बहुभाषिकबाट परामर्श गर्न सकिन्छ।

ओताकु भित्र स्वयम सेवक रूपमा जापानी भाषा कक्षा वा जापानी भाषा विद्यालयको पनि परिचय गरिन्छ।




### दोभासेको सहयोग

ओताकुयाकुस्योको संबन्धित शाखामा दोभासे संगै गई प्रशासनिक प्रक्रिया आदिबारे सहयोग गरिन्छ।

### अनुवाद

ओताकुमा पेश गर्ने प्रमाण पत्र आदि कागतहरूको पनी अनुवाद गर्न सकिन्छ।
2019 को जुलाई बाट पैसा तिर्न पर्छ / (A4 साइज एक पाना को 500 एन)।

### Access Map




**ठेगाना**

टोक्यो-तो, ओता वडा, खामाता
5-13-26 उपभोक्ता केन्द्र 1F

**☎**

03-6424-8822

**FAX**

03-5710-6330

**Email**

info@ota-goca.or.jp

**HP**

https://www.ota-goca.or.jp/

हामीले अन्तर्राष्ट्रिय सहर ओता संघ को लोगो मार्क बनायौं।

GOCA

## नेपाली भाषामा सिकौं
## जापानको दैनिक जीवनको नियमहरू र सभ्य व्यवहारको क्लास




जापानको दैनिक जीवनमा समस्या परेका कुराहरू छन्? जापानमा ढुक्क भएर दैनिक जीवन बिताउनको लागि, हामी तपाईंहरूलाई जापानको दैनिक जीवनको नियमहरू र सभ्य मानिने व्यवहारहरूबारे नेपाली भाषामा सिकाउँछौं। नबुझेको कुरा पनि नेपाली भाषामा सोध्न सकिने हुनाले जापानी भाषा नआएपनि अप्ठ्यारो मान्नु पर्दैन।

### कसले सिक्न सक्छ?

- नेपाली भाषा बोल्ने व्यक्ति
- ओता वडामा बसोबास गरिरहेको छु / ओता वडामा काम गरिरहेको छु / ओता वडाको विद्यालयमा पढिरहेको छु

### कहिले

जुलाई 28 तारिख आइतबार / 13:30~15:30

### कहाँ

mics ओता कक्षाकोठा (ओता वडा, खामाता 5-13-26 उपभोक्ता केन्द्र 1F)

### के कस्ता कुराहरू सिकाइन्छन्?

फोहोर फाल्नको लागि निकाल्ने तरिका, घरमा बसोबास गर्ने बेलाको नियमहरू (राति ठूलो आवाज ननिकाल्ने आदि) र अरू पनि

अर्को पटक डिसेम्बरमा चाइनिज भाषा योजना गरेका छौं।

### कति पैसा

निशुल्क

### कति जना

20 जना

### कसरी आवेदन दिनुपर्छ?

- E-mail तपाईंको ①नाम ②ठेगाना ③फोन नम्बर ④उमेर र ⑤E-mail एड्रेस mail@ota-goca.or.jp मा पठाउनुहोस्।
- बहुभाषी परामर्श डेस्कमा नाम लेखाउनुहोस्।
- फाराम भरेर (आवेदन फाराम) FAX द्वारा पठाउनुहोस्।

### कहिलेसम्ममा

जुलाई 12 तारिख शुक्रबारसम्म
तपाईंले आवेदन दिएपछि, हामी तपाईंलाई E-mail द्वारा सम्पर्क गर्नेछौं।
[mail@ota-goca.or.jp] बाट इमेल प्राप्त हुने बनाएर राख्नुहोस्।

सम्पर्क
**(सामान्य सम्मिलित संस्था) अन्तर्राष्ट्रिय सहर ओता संघ**
☎ 03-6410-7981 FAX 03-6410-7982
Email: mail@ota-goca.or.jp

## वडावासीलाई सुरक्षित तथा ढुक्क महसुस गराउने इमेल-सेवा
## दर्ता गरेको व्यक्तिलाई इमेल द्वारा मौसम, भूकम्प र सुनामीको जानकारी पठाइनेछ।

### के कस्ता जानकारी प्राप्त गर्न सकिन्छ?

**① मौसम: ओता वडामा निम्न चेतावनी वा विशेष चेतावनी दिइएको बेला**

* "चेतावनी": सबैजनालाई जानकारी गराइन्छ "खतरा छ! सावधान रहनुहोस्!"
चेतावनी: ठूलो वर्षा, बाढी, आँधी, हिउँ आँधी, धेरै हिउँ, ठूलो समुन्द्रको छाल, समुन्द्री आँधी
विशेष चेतावनी: ठूलो वर्षा, आँधी, हिउँ आँधी, धेरै हिउँ, ठूलो समुन्द्रको छाल, समुन्द्री आँधी

**② भूकम्प: ओता वडामा भूकम्पीय तीव्रता गुणाङ्क (सिन्दो) ३ वा सोभन्दा बढीको भूकम्प आएको बेला**

**③ सुनामी: टोक्यो बे भित्रको बेमा सुनामी चेतावनी वा ठूलो सुनामी चेतावनी प्रकाशित गरिएको बेला**

### कसरी दर्ता गर्न सकिन्छ?

**① निम्न इमेल एड्रेसमा एउटा खाली (केही पनि नलेखीकन) इमेल पठाउनुहोस्।**

| | |
|---|---|
| अंग्रेजी भाषा | kumin-en@anzen.city.ota.tokyo.jp |
| चाइनिज भाषा | kumin-ch@anzen.city.ota.tokyo.jp |
| कोरियन भाषा | kumin-ko@anzen.city.ota.tokyo.jp |
| तागालग भाषा | kumin-ta@anzen.city.ota.tokyo.jp |

**② त्यसपछि तपाईंलाई पठाइने इमेलमा भएको URL मा गएर, स्क्रिनमा प्रदर्शित निर्देशन अनुसार दर्ता गर्नुहोस्।**

* खाली इमेल पठाएपछि, तपाईंले इमेल प्राप्त नगरेको खण्डमा,

- "anzen.city.ota.tokyo.jp" भन्ने डोमेनबाट पठाइएको इमेल प्राप्त हुने गरी सेटिङ गर्नुहोस्।
- URL भएको इमेल प्राप्त हुने गरी सेटिङ गर्नुहोस्।
- विस्तृत जानकारीको लागि, ओता वडाको होमपेज हेर्नुहोस्।

सम्पर्क
**विपद् रोकथाम तथा सङ्कट व्यवस्थापन शाखा, समुदाय सुरक्षा जिम्मेवार कर्मचारी**
☎ 03-5744-1634 FAX 03-5744-1519

## अन्तर्राष्ट्रिय आदान-प्रदान स्वयं सेवक आवश्यक

हामीले दर्ता प्रणालीको स्वयं सेवक खोजिरहेका छौं।
विदेशी भाषाको उपयोग गरी दोभासे र अनुवाद गर्ने "भाषा स्वयं सेवक", कार्यक्रम आदिको योजना र कार्यक्रमको दिन स्टाफको रूपमा श्रम दान गर्ने "योजना तथा सञ्चालक स्वयं सेवक", पर्चा बनाउने जस्ता काममा सहयोग गर्ने "प्रचारप्रसार स्वयं सेवक", विदेशी वा जापानको संस्कृतिको परिचय दिने, विदेशमा अनुभव गरेका कुराहरू भन्ने "संस्कृति परिचय तथा अन्तर्राष्ट्रिय बुझाइ शिक्षा स्वयं सेवक", विदेशी विद्यार्थीलाई घरमा स्वागत गर्ने "होम-स्टे स्वयं सेवक"।
अहिलेसम्म कार्यक्रम स्टाफ र जापानी भाषाको वक्तृत्व कलाको कार्यकारी समितिको सदस्यको रूपमा विदेशी स्वयं सेवकहरूले काम गरिरहनुभएको छ।

## दर्तादेखि गतिविधिसम्म

❶ दर्ता अवेदनपत्रमा आवश्यक विवरण लेखेर पठाउनुहोस्। (हुलाक, इमेल वा आफैले लिएर आउनुहोस्)। होमपेजबाट आवेदनपत्र डाउनलोड गर्न सकिन्छ।

❷ दर्ता प्रक्रिया सिद्धिएपछि, तपाईंलाई दर्ता पूरा भएको जानकारी गराउन सूचना पठाइनेछ।

❸ स्वयं सेवक चाहिएको बेला, हामी तपाईंलाई सम्पर्क गर्नेछौं। भाग लिन चाहने कुरा भएमा हामीलाई जवाफ पठाउनुहोस् (भाग लिन चाहने व्यक्ति धेरै भएको खण्डमा गोलाप्रथा पनि गरिन सक्छ)।

सम्पर्क
**(सामान्य सम्मिलित संस्था) अन्तर्राष्ट्रिय सहर ओता संघ**
☎ 03-6410-7981
Website: https://www.ota-goca.or.jp/

## बालबालिका भत्ताको पारिवारिक स्थिति रिपोर्ट पेस गर्ने र भुक्तानी महिनाको सूचना

### ★ पारिवारिक स्थिति रिपोर्ट पेस गर्ने बारे

जून महिना र त्यसपछि बालबालिका भत्ता वा विशेष अवस्था भत्ता निरन्तर प्राप्त गर्नको लागि, पारिवारिक स्थिति रिपोर्ट पेस गर्नुपर्नेछ। यी भत्ता प्राप्तिको दायरामा पर्ने व्यक्तिहरूलाई जून 1 तारिखदेखि 10 तारिखसम्ममा फाराम पठाइनेछ। जून भित्र हुलाक मार्फत फाराम पेस गर्नुहोस्। याद राख्नुहोस्, शाखा कार्यालयमा फाराम बुझ्ने काम गरिंदैन।

### ★ बालबालिका भत्ता भुक्तानी महिना बारे

सामान्यतया जून (फेब्रुअरी~मेको भत्ता), अक्टोबर (जून~सेप्टेम्बरको भत्ता), फेब्रुअरी (अक्टोबर~अर्को बर्षको जनवरीको भत्ता) मा प्राप्त गर्ने व्यक्तिको नाममा रहेको भुक्तानी खातामा ट्रान्सफर गरिनेछ।

#### बालबालिका भत्ता (सीमा रकम भन्दा कम आय भएको व्यक्ति)

| उमेर वर्गीकरण | भुक्तानी रकम (मासिक) |
|---|---|
| 3 वर्ष भन्दा कम उमेर (सबै बच्चाहरू) | मासिक 15,000 येन |
| 3 वर्ष वा सोभन्दा बढी~प्राथमिक विद्यालय स्नातक अगाडि (पहिलो र दोस्रो बच्चा) | मासिक 10,000 येन |
| 3 वर्ष वा सोभन्दा बढी~प्राथमिक विद्यालय स्नातक अगाडि (तेस्रो बच्चा वा सोभन्दा पछिका बच्चाहरू) | मासिक 15,000 येन |
| निम्न माध्यामिक विद्यालय (15 वर्षको जन्म दिन पछिको पहिलो मार्च 31 तारिखसम्ममा भएको बालबालिका) (सबै बच्चाहरू) | मासिक 10,000 येन |

*18 वा सोभन्दा कम उमेरको बालबालिका (18 वर्षको जन्म दिन पछिको पहिलो मार्च 31 तारिखसम्ममा भएको बालबालिकाहरू) देखि पहिलो बच्चाको रूपमा गन्ती गरिनेछ।

#### विशेष अवस्था भत्ता (सीमा रकम भन्दा बढी आय भएको व्यक्ति)

| | |
|---|---|
| उमेरको आधारमा वर्गीकरण गरिनेछैन (सबै बच्चाहरू) | मासिक 5,000 येन |

सम्पर्क
**बाल सेवा सहायता शाखा, बाल चिकित्सा कर्मचारी (वडा कार्यालय 3F·23 नम्बर डेस्क)**
☎ 03-5744-1275　FAX 03-5744-1525

## इकेगामी पुस्तकालय "अंग्रेजी चित्र पुस्तक कथा कथन"

इकेगामी पुस्तकालयमा अंग्रेजीमा "कथा कथन" गरिन्छ।
चित्र पुस्तक पढेर सुनाउने मात्र नभएर, खामिसिबाइ (चित्र देखाएर कथा भन्ने) र कुमिकी (कथा सुन्दै काठको सामग्री खेल्ने) को दिन पनि छ।
यो कार्यक्रममा गीत, नृत्य र तेआसोबी (हातले विभिन्न इसारा गरेर खेल्ने) पनि भएकोले, शिशुदेखि प्राथमिक विद्यालयमा पढ्ने विद्यार्थीसम्मका बालबालिकाहरू रमाउन सक्छन्।
स्वयं सेवक समूह "लुपिनस् (Lupines)" को सदस्यहरूले पढेर सुनाउनु हुनेछ।
उहाँहरूले हरेक पटक रोचक किताबहरू तयार गर्नुहुन्छ। यस कार्यक्रममा भाग लिएपछि, तपाईंहरूलाई आफ्नो छोराछोरीको लागि किताब छान्नको लागि मदत मिल्छ भने, हामी खुसी हुनेछौं।
ओता वडाको पुस्तकालयमा विदेशी भाषामा लेखिएका किताबहरू धेरै छन्। कृपया प्रयोग गर्नुहोस्।

**सम सङ्ख्याका (2, 4, 6, 8, 10 र 12) महिनाहरू को तेस्रो शनिबार (अगस्टमा मात्र चौथो शनिबार)**

**बिहान 11:00~11:30**

### 2019 सालको तालिका

| | | | | |
|---|---|---|---|---|
| 6/15 | 8/24 | 10/19 | 12/21 | 2/15 |

**स्थान** इकेगामी पुस्तकालय 1F कथा कोठा

**आवेदन** आवश्यक छैन, सिधै कार्यक्रम गरिने स्थानमा आउनुहोस्

सम्पर्क
**इकेगामी पुस्तकालय बाल सेवा कर्मचारी**
☎ 03-3751-3341



# ओता बालबालिका जापानी भाषा क्लास

**यो क्लास विद्यालयमा भर्ना हुनु अगाडि जापानी भाषा सिकाउने कक्षा हो।**

## खामाता क्लास

**आयोजक संस्थाको नाम**

लेगाटो ओता

**स्थान**

ओता वडा बहुसंस्कृतिक सहजीवन प्रवर्द्धन केन्द्र "mics ओता कक्षाकोठा"
ठेगाना: ओता वडा, खामाता 5-13-26-101 ओता उपभोक्ता केन्द्र भित्र

**सम्पर्क**

☎: 03-6424-8822　FAX: 03-5710-6330

**बार र समय**

सोमबार, मंगलबार, बिहीबार 9:00~12:00

## ओमोरी क्लास

**आयोजक संस्थाको नाम**

निहोन्गो गुरुरित्तो

**स्थान**

ओता वडाद्वारा सञ्चालित सान्नो भवन (ओता कुरिचु सान्नो काइखान) अन्तर्राष्ट्रिय आदान-प्रदान सुविधा
ठेगाना: ओता वडा, सान्नो 3-37-11 अन्तर्राष्ट्रिय आदान-प्रदान सुविधा भित्र

**सम्पर्क**

☎ र FAX: 03-5709-1347

**बार र समय**

सोमबार, बुधबार, शुक्रबार 9:00~12:00

### निम्न ❶ ~ ❸ सबैमा पर्ने बालबालिका

❶ ओता वडामा बसोबास गर्ने विदेशी राष्ट्रियता आदि भएको बालबालिका

❷ प्रि-स्कुलमा पढ्ने उमेरका बालबालिका (2004 साल अप्रिल 2 तारिखदेखि 2013 साल अप्रिल 1 तारिख भित्र जन्मेको बालबालिका) अथवा प्राथमिक विद्यालयमा भर्ना हुनु भन्दा 6 महिना अगाडिदेखि भर्ना नभएसम्म (2013 साल अप्रिल 2 तारिखदेखि 2014 साल अप्रिल 1 तारिख भित्र जन्मेको बालबालिका)

❸ जापानी भाषा त्यत्ति नआई, वडाद्वारा सञ्चालित विद्यालयमा भर्ना नभएका बालबालिका






ओमोरी क्लास सञ्चालन गरिने सान्नो भवन फराकिलो दृश्य देखिने उच्च ठाउँमा छ। उत्कृष्ट वातावरणमा रहेको यस ठाउँबाट साकुरा फुल्ने समयमा सुन्दर दृश्य हेर्न सकिन्छ।

*ठूला र साना गरी 4 फराकिला र उज्यालो कोठामा बालबालिकाहरू आनन्दसँग लेखपढ गरिरहेका छन्।

*बालबालिका क्लास भनेको बालबालिकाहरू विद्यालयमा भर्ना नभएसम्म प्रयोग गर्न सकिने क्लास हो। तर यहाँ ओमोरी क्लासमा तपाईंले चाहेको खण्डमा "शून्यदेखि सक्षम नभएसम्म" एकरूपता भएको पठ्यक्रमको प्रयोग गरी पर्याप्त जापानी भाषाको सहयोग लिन सम्भव छ।

*विशेष ज्ञान भएको, अनुभवी शिक्षकहरूले उत्साहपूर्ण रूपमा हरेक बालबालिकालाई सुहाउँदो शिक्षा प्रदान गरिरहनुभएको छ।

*अध्ययन विषय र कोर्स आदि सम्बन्धी परामर्श चाहे अनुसार दिइन्छ।

ओता वडामा बसोबास गर्ने बालबालिका भएमा जुन ठाउँबाट पनि आएर पढ्न सकिन्छ।

विद्यालयको शिक्षक र अभिभावकबाट पनि उच्च मूल्याङ्कन गरिएको यस ओमोरी क्लासमा आफ्नो बहुमूल्य छोराछोरीहरूको जापानको दैनिक जीवनको तयारी राम्रोसँग सुरु गराउनुहोस्।

सुरुको समय अत्यन्तै महत्त्वपूर्ण हुन्छ! कृपया एक पटक आएर हेर्नुहोस्।

**आर्थिक वर्ष 2019 देखि अन्तर्राष्ट्रिय सहर ओता संघले "Ota City Navigation" प्रकाशन गर्नेछ।**

प्रकाशन (सामान्य सम्मिलित संस्था) अन्तर्राष्ट्रिय सहर ओता संघन

〒143-0023 ओता वडा, सान्नो 2-3-7 ओमोरी सहर निर्माण प्रवर्द्धन सुविधा 4F

☎03-6410-7981　FAX03-6410-7982　URL https://www.ota-goca.or.jp/